# आकाशवाणी समाचार- नेपाली

मितिः २० फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

- उपराष्ट्रपति सी.पी. राधाकृष्णनले हिज नयाँ दिल्लीमा ओपन एआईका कन्ट्री हेड जर्ज ओसबोर्न, ओपन एआईका प्रमुख विश्वव्यापी मामिला अधिकारी क्रिस लेहान र भारतका लागि ओपन एआईका रणनीति तथा विश्वव्यापी मामिला प्रमुख प्रज्ञा मिश्रासँग भेटघाट गर्नु भयो।

- प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो भारत एआई इम्प्याक्ट समिटको क्रममा विश्व नेताहरूसँग द्विपक्षीय बैठक गर्नु भयो।

- नयाँ दिल्लीको भारत मण्डपममा इण्डिया एआई इम्प्याक्ट समिट जारी छ। आज, शिखर सम्मेलनको पाँचौं दिन, नेताहरूले सामूहिक प्रतिबद्धताहरूलाई पुन: पुष्टि गर्नेछन् ।

- गृहमन्त्री अमित शाहले आज असमको कछार जिल्लामा जीवन्त गाउँ कार्यक्रमको दोस्रो चरणको सुरुवात गर्नु हुनेछ।

- फ्रान्सका  राष्ट्रपति इमानुएल म्याक्रोनले फ्रान्स र भारत राफेल विमानमा सहयोग विस्तार गर्न चाहन्छन् भनी बताउनु भएको छ।

**उपराष्ट्रपति-एआई**

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले हिज नयाँ दिल्लीमा ओपन एआईका कन्ट्री हेड जर्ज ओसबोर्न, ओपन एआईका प्रमुख विश्वव्यापी मामिला अधिकारी क्रिस लेहान र भारतका लागि ओपन एआईका रणनीति तथा विश्वव्यापी मामिला प्रमुख प्रज्ञा मिश्रासँग भेटघाट गर्नु भयो। सामाजिक सञ्जाल पोस्टमा उपराष्ट्रपतिले भन्नु भयो, बैठकमा कृत्रिम बुद्धिमत्ता (एआई) को क्षेत्रमा नयाँ विकास, यसको प्रयोग र भारतमा एआईको द्रुत विस्तारको बारेमा छलफल गरिएको थियो।

**पीएम-द्विपक्षीय बैठक**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो भारत एआई इम्प्याक्ट समिटको क्रममा विश्व नेताहरूसँग द्विपक्षीय बैठक गर्नु भयो। प्रधानमन्त्रीले फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोन, अबुधाबीका युवराज शेख खालिद बिन मोहम्मद बिन जायद, नेदरल्याण्ड्सका प्रधानमन्त्री डिक स्कोफ, स्विजरल्याण्डका राष्ट्रपति गाय परमेलिन र ग्रीक प्रधानमन्त्री किरियाकोस मित्सोटाकिससँग भेट गर्नु भयो। प्रधानमन्त्री मोदी र अबुधाबीका युवराजले विभिन्न क्षेत्रमा भएको प्रगतिप्रति सन्तुष्टि व्यक्त गर्नु भयो। दुवै नेताले कृत्रिम बुद्धिमत्तामा सहयोग बढाउने तरिकाहरू पनि छलफल गर्नु भयो। दुवै पक्षले परम्परागत र सहयोगका नयाँ क्षेत्रहरूमा द्विपक्षीय सहयोग विस्तार गर्न नयाँ पहलहरूको स्वागत गरे। प्रधानमन्त्री मोदीले नेदरल्याण्डका प्रधानमन्त्री डिक स्कोफसँग आर्थिक र सामाजिक रूपान्तरणको लागि एआई प्रयोग गर्ने दृष्टिकोणको बारेमा छलफल गर्नु भयो। उनीहरूले भारत-ईयू मुक्त व्यापार सम्झौताको प्रारम्भिक कार्यान्वयनको लागि काम गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याए। दुवै नेताहरूले आतंकवाद विरुद्धको विश्वव्यापी लडाईलाई सुदृढ पार्न पनि प्रतिबद्धता जनाउनु भयो। श्री मोदी र स्विस राष्ट्रपति गाय परमेलिनले व्यापार, लगानी र प्रविधि, र एआई नवप्रवर्तनमा भविष्यका लागि तयार साझेदारी सहित आर्थिक क्षेत्रमा सहयोग सुदृढ पार्ने बारेमा छलफल गर्नु भयो। प्रधानमन्त्री मोदी र ग्रीसका प्रधानमन्त्री किरियाकोस मित्सोटाकिसले भारत-ग्रीस रणनीतिक साझेदारीका विभिन्न पक्षहरूको समीक्षा गर्नु भयो। श्री मोदीले आतंकवाद विरुद्धको लडाईमा भारतलाई दिएको बलियो समर्थनको लागि श्री मित्सोटाकिसलाई धन्यवाद पनि दिनु भयो।

**एआई समिट**

नयाँ दिल्लीको भारत मण्डपममा इण्डिया एआई इम्प्याक्ट समिट जारी छ। आज, शिखर सम्मेलनको पाँचौं दिन, नेताहरूले सामूहिक प्रतिबद्धताहरूलाई पुन: पुष्टि गर्नेछन् र विश्वव्यापी एआई शासन र सहयोगको लागि साझा रोडम्यापको रूपरेखा प्रस्तुत गर्नेछन्। ग्लोबल पार्टनरशिप अन आर्टिफिसियल इन्टेलिजेन्स (GPAI) काउन्सिलको उच्च-स्तरीय बैठकहरू पनि आयोजना गरिनेछ। सदस्य राष्ट्रहरूले जिम्मेवार र समावेशी एआईमा बहुपक्षीय सहयोगलाई सुदृढ पार्न प्राथमिकताहरू अनुरूप प्रगतिको समीक्षा पनि गर्नेछन्। प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो औपचारिक रूपमा शिखर सम्मेलनको उद्घाटन गर्नुभयो र विश्व नेताहरूलाई स्वागत गर्नुभयो।

BYTE

शिखर सम्मेलनमा १०० भन्दा बढी संस्थापक र सीईओ, १५० शिक्षाविद् र शोधकर्ताहरू, र लगभग ४०० मुख्य प्राविधिक अधिकारीहरू शामेल छन्। प्रदर्शकहरू, नवप्रवर्तकहरू र आगन्तुकहरूको अत्यधिक प्रतिक्रियाको बीचमा भारत एआई प्रभाव एक्स्पो भोलिसम्म खुला रहनेछ।

**प्रधामन्त्री – गोलमेच बैठक**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो साँझ भारत एआई इम्प्याक्ट समिटमा शीर्ष व्यापारिक नेताहरूसँग गोलमेच बैठकको अध्यक्षता गर्नु भयो। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री मोदीले सीईओहरूको बैठकले एआई, प्रविधि र नवप्रवर्तनको संसारका विभिन्न सरोकारवालाहरूलाई एकै ठाउँमा ल्याएको बताउनु भयो। उहाँले छलफललाई जानकारीमूलक र दूरदर्शी भएको बताउनु भयो, उनीहरूले एआईलाई जिम्मेवारीपूर्वक बढाउने, विश्वव्यापी सहकार्यलाई सुदृढ पार्ने र विकासका अवसरहरू खोल्ने कुरामा विशेष जोड दिएको उल्लेख गर्नु भयो। प्रधानमन्त्रीले मानव प्रगति र दिगो विकासको लागि एआई प्रयोग गर्ने साझा प्रतिबद्धता देखेर आफू खुसी भएको बताउनु भयो।

**शाह -एआई शिखर सम्मेलन**

गृहमन्त्री अमित शाहले इण्डिया-ए.आई. इम्पेक्ट समिटले भारतलाई नयाँ युगमा नेतृत्वका लागि तयार गर्ने बताउनु भयो,जुन सरकाको कार्यकालमा भएको उपलब्धिहरूमा आधारित छन्। सामाजिक सञ्जाल पोस्टहरूको एक श्रृंखलामा, श्री शाहले यो शिखर सम्मेलन नवप्रवर्तन र लोकतन्त्रको असीम शक्ति मार्फत मानवताको प्रगतिलाई तीव्र पार्ने भारतको विश्व प्रतिको प्रतिज्ञा हो भनी बताउनु भएको छ। उहाँले भन्नु भयो, शिखर सम्मेलनमा प्रधानमन्त्री नरेन्द्र मोदीले प्रस्तुत गर्नुभएको भारतको एआई दृष्टिकोण, 'मानव' ले मानवतालाई निर्दोष भविष्यतर्फ डोऱ्याउनेछ। श्री शाहले जोड दिनु भयो 'मानव' का सिद्धान्तहरू - नैतिकता, जवाफदेहिता, राष्ट्रिय डेटा सार्वभौमिकता, पहुँच र मान्य प्रणालीहरू - सँग विश्व सभ्यता क्रान्तिको लागि तयार छ। उहाँले भन्नु भयो, सर्वम एआईले २२ भारतीय भाषाहरूमा अत्याधुनिक एआई समाधानहरू प्रदान गर्दछ, जसले प्रत्येक व्यक्तिमा प्रविधि पुग्ने सुनिश्चित गर्दछ।

**शाह- असम**

गृहमन्त्री अमित शाहले आज असमको कछार जिल्लामा जीवन्त गाउँ कार्यक्रमको दोस्रो चरणको सुरुवात गर्नु हुनेछ। यो कार्यक्रम सीमावर्ती गाउँहरू सुधार गर्ने र जीविकोपार्जनका अवसरहरू सिर्जना गर्ने कुरामा केन्द्रित छ। यसले विकसित भारत २०४७ को दृष्टिकोण अनुरूप सुरक्षित सीमा समुदायहरूलाई प्रवर्द्धन गर्दछ। आर्थिक वर्ष २०२८-२९ सम्म चल्ने यो परियोजनाको लागत ६हजार ८०० करोड रुपियाँभन्दा अधिक छ। यो कार्यक्रम १५ राज्य र दुई केन्द्र शासित प्रदेशहरूमा एकाग्रता-आधारित र अभिसरण-संचालित दृष्टिकोण मार्फत कार्यान्वयन गरिनेछ। यो कार्यक्रमले सीमा सुरक्षा, सीमापार अपराधहरूको रोकथाम र आन्तरिक सुरक्षालाई सुदृढ पार्न महत्त्वपूर्ण योगदान पुऱ्याउँछ। गृहमन्त्रीले भारत-बंगलादेश सीमामा रहेको सीमा सुरक्षा बलको नातुनपुर सीमा चौकीको पनि भ्रमण गर्नुहुनेछ। श्री शाहले सुरक्षा व्यवस्था र अवैध आप्रवासन र सीमापार अपराधहरूलाई रोक्न सीमामा बार लगाउने प्रगतिको पनि समीक्षा गर्नुहुनेछ। उहाँले बाराक उपत्यकामा भाजपाको ऱ्यालीलाई सम्बोधन गरेर पार्टीको चुनावी अभियान पनि सुरु गर्नुहुनेछ। त्यसपछि श्री शाह त्रिपुराको अगरतला जानु हुनेछ र साँझ असम फर्किनु हुनेछ। श्री शाह भोलि गुवाहाटीको अर्जुन भोगेश्वर बरुआ खेलकुद परिसरमा केन्द्रीय रिजर्भ पुलिस बलको वार्षिक परेडमा भाग लिनु हुनेछ। कार्यक्रममा भव्य परेड, आधुनिक हतियारहरूको प्रदर्शन र आन्तरिक सुरक्षामा बलको सफलताको बारेमा परिचालन ब्रीफिंग हुनेछ। उहाँले गुवाहाटी नजिकैको सोनपुरको कोसुतोलीमा १० औं आसाम पुलिस बटालियनको नयाँ परिसरको शिलान्यास पनि गर्नु हुनेछ।

**गोयल-स्वीडन-फिनल्याण्ड**

भारत र स्वीडेनले हरित प्रविधि, अनुसन्धान र विकासमा सहयोग सुदृढ पार्ने र भारत-युरोपीय मुक्त व्यापार सम्झौता ढाँचा अन्तर्गत संलग्नतालाई अगाडि बढाउने आफ्नो प्रतिबद्धतालाई पुन: पुष्टि गरेको छ। हिजो नयाँ दिल्लीमा स्वीडेनका उपप्रधानमन्त्री एब्बा बुशसँगको भेटमा, वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले भारतको लगानीकर्ता-मैत्री विदेशी प्रत्यक्ष लगानी (FDI) इकोसिस्टमद्वारा संचालित एक अग्रणी विश्वव्यापी लगानी गन्तव्यको रूपमा उदयमा जोड दिनु भयो। श्री गोयलले भारतका युवा र स्वीडेनको नवप्रवर्तन क्षमताले उनीहरूलाई दिगो विकासको लागि साझेदार बनाउने बताउनु भयो। उहाँले फिनल्याण्डका प्रधानमन्त्री पेट्टेरी ओर्पोसँग पनि भेट गर्नु भयो। दुई नेताहरूले भारत-युरोपीय व्यापार सम्झौता, प्रविधि र हरित ऊर्जा लगायत प्रमुख क्षेत्रहरूमा सहयोगका लागि महत्त्वपूर्ण अवसरहरूबारे छलफल गरे। यसले भारत-फिनल्याण्ड व्यापार र लगानी सम्बन्धलाई बलियो बनाउनेछ।

**निर्वाचन आयोग-एसआईआर**

निर्वाचन आयोगले २२ राज्य र केन्द्रशासित प्रदेशका मुख्य निर्वाचन अधिकारीहरूलाई आगामी विशेष गहन पुनरीक्षण (SIR) सँग सम्बन्धित तयारी पूरा गर्न निर्देशन दिएको छ। आयोगले यी राज्य र केन्द्रशासित प्रदेशका मुख्य निर्वाचन अधिकारीहरूलाई तयारी कार्य पूरा गर्न भनेको छ। विशेष गहन पुनरीक्षणको यो चरण यस वर्ष अप्रेलदेखि सुरु हुने अपेक्षा गरिएको छ। यी राज्यहरू हुन्: आन्ध्र प्रदेश, अरुणाचल प्रदेश, चण्डीगढ, दादरा र नगर हवेली र दमन र दीव, हरियाणा, हिमाचल प्रदेश, जम्मू र कश्मीर, झारखण्ड, कर्नाटक, लद्दाख, महाराष्ट्र, मणिपुर, मेघालय,

मिजोरम, नागाल्याण्ड, दिल्ली, ओडिशा, पञ्जाब, सिक्किम, त्रिपुरा, तेलंगाना र उत्तराखण्ड। आयोगले भनेको छ एसआईआर- को काम हाल १२ राज्य र केन्द्रशासित प्रदेशहरूमा चलिरहेको छ।

**म्याक्रोन -राफेल**

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले फ्रान्स र भारत राफेल विमानमा सहयोग विस्तार गर्न चाहन्छन् भनी बताउनु भएको छ। हिजो नयाँ दिल्लीमा आयोजित भारत एआई इम्प्याक्ट शिखर सम्मेलनमा उहाँले भारतले ११४ राफेल विमान अर्डर गर्न र सह-उत्पादन गर्न चासो व्यक्त गरेको खुलासा गर्नु भयो। श्री म्याक्रोनले भन्नु भयो "मेक इन इन्डिया" ले यो नयाँ क्रममा प्रमुख भूमिका खेल्नेछ।